# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# त्रिवेणी नगरपालिका
# बाजुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं. ३१८

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
त्रिवेणी नगरपालिका, बाजुरा ।

**कैफियत सहितको राय**

हामीले **त्रिवेणी नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. ३ करोड ५५ लाख २८ हजार बेरुजु देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु. ८ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १ करोड ५९ लाख ७४ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ८४ लाख ८२ हजार र पेस्की बाँकी रु. २ लाख २५ हजार रहेको छ । नगरपालिकाको गत वर्षसम्म रु. १७ करोड ९२ लाख ३० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२१ करोड ४४ लाख १४ हजार रहेको छ ।यस नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहेकका कर्मचारी करारमा भर्ना गरी रकम खर्च गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, खरिद टुक्राई सोझै खरिद गरेको, गुणस्तर परीक्षण नगरेको, जग्गा प्राप्तीको लागी विद्यालयलाई रकम भुक्तान गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर**कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## त्रिवेणी नगरपालिका, बाजुरा

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ३८ | ३५५२८ | ० | ० | ० | ५६ | ३८ | ३५५२८ | ८४७ | १८४८२ | १५९७४ | ० | ० | ३५३०३ | २२५ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्योंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १७९२३० | ० | ३४४ | १७८८८६ | ० | ३५५२८ | २१४४१४ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : त्रिवेणी नगरपालिका, बाजुरा , त्रिबेणी नगरपालिका , बाजुरा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | चिरञ्जिवी प्रसाद शाह | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Suresh Raj Joshi | २०७७-११-१ | |
| लेखा प्रमुख | महेश राज जोशी | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३५,५२८,२०७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ११,२६,३३,९२९.८९ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३४,३०,१६,५४० | चालु खर्च | २७,८०,६३,५९६.५ |
| प्रदेश सरकारबाट अनुदान | १,९३,९४,००० | पूँजीगत खर्च | २०,००,२९,८७९.७ |
| राजश्व बाँडफाँट | ६,१४,८९,८४७.९१ | वित्तीय/अन्य व्यवस्था | ८,८७,८४,३७३.०९ |
| आन्तरिक आय | ८,९९,२०१ | | |
| अन्य आय | ८,४१,७०,२०२.४४ | | |
| कुल आय | ५०,८९,६९,७९१.३५ | कुल खर्च | ५६,६८,७७,८४९.२९ |
| बाँकी मौज्दात | | ५,४७,२५,८७१.९१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ९वडा, ४७ सभा सदस्य, १७०.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा २३८३४ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/११ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**लेखापरिक्षणको क्रममा असुली : ४४३६५.०**<br><br>**वित्तीय विवरण विश्लेषण**<br>**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>• स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु ३५४३३६६६.० ले फरक देखिएको छ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **जिम्मेवारी फरक परेको** | |

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा संचित कोषमा रु. ९४५३८५४४.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १०२१२५५४०.८ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ७५८६९९६.०७ बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

३

**बैंक हिसाब मिलानः**

स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खातामा निम्नानुसार रकम फरक देखिएको छ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | 0.82 | 980162.61 | ९८०१६१ |
| २ | चालु खाता | २५३५२५२८.७८ | 46055670.45 | २०७०३१४१ |
| ३ | पूँजीगत खाता | १८८१७७५४.०३ | 5453959.16 | १३३६३७९४ |
| ४ | धरौटी खर्च खाता | 2817090.47 | 2455922 | ३६११६८ |
| ५ | आन्तरिक राजस्व खाता | 899201 | 899201 | ० |
| ६ | प्रकोप व्य कोष खाता | 105389.70 | 105389.70 | ० |
| 7 | बिबिध खर्च खाता | 2797933 | 2772531 | २५४०२ |
| | जम्मा | ५०७८९८९७ | ५८७२२८३५ | ३५४३३६६६ |

४

**आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खतामा रु ४६०५५६७०.४५ पुजीगत खर्च खातामा रु ५४५३९५९.१६ र विभाज्यकोषमा रु ० समेत गरी रु ५१५०९६२९.६ मौज्दात रहेको पाईयो ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।

• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाईएन ।

• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

| | | | | |
|---|---|---|---|---|
| | | | • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट तथा कार्यक्रम**<br>**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री राधिका देवी सुनारले मिति २०७७/३/१० गते रु. ५५करोड १८ लाख ३६हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/०३/१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७/४/१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६ | | | **चौमासिक खर्चः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| **चालु खर्चतर्फ** | २७८०६३ | ४९२२४ | ५६९६७ | १७१८७१ | ९२५९७ |
| **पूँजिगत खर्चतर्फ** | 200029 | २९०४ | २२२३७ | १७५३४१ | ९७१४० |
| **जम्मा** | ४७८५४७ | ५२१२९ | ७९२०५ | ३४७२१२ | १८९७३८ |
| प्रतिशत | ८६.७१ | १०.६ | १६.५ | ७२.९ | ३९.६ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४७ करोड ८५ लाख ४७ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ५करोड २१लाख २९ हजार अर्थात १०.६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ७ करोड ९२लाख ५ हजार, अर्थात १६.५ प्रतिशत र तेश्रो चौमासिकमा रु. ३४ करोड ७२ लाख १२ हजार, अर्थात ७२.९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १८ करोड ९७ लाख ३८ हजार अर्थात ३९.६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

७

**क्षेत्रगत बजेट तथा खर्चको स्थितीः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।


https://nams.oag.gov.np

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | 33232944 | 29131113.56 | ६ |
| २ | पूर्वाधार विकास | 101029936 | 81949518.85 | १६.९ |
| ३ | सामाजिक विकास | 238965695 | 218313840.77 | ४५.२ |
| ४ | बातावरण तथा विकास | 4869876.34 | 3742556 | ०.७ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | 47052656.34 | 37522813 | ७.७ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 131555156.27 | 111629763.16 | २३.१ |
| **जम्मा** | | ५५६७०६२६४ | ४८२२८९६०५ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४५.२ प्रतिशत र घटीमा वातावरण तथा विकासम ०.७५ प्रतिशत रहेको छ ।

८ **खर्चको विश्लेषणः**

नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ८९९२०१.० राजस्व बाँडफाँड र अनुदानबाट रु ५०८०७०५९०.४९ तथा गत बर्षको अल्या रु ११२६३३९२९.८ समेत रु आम्दानी भएकोमा चालु तर्फ रु २७८०६३५९६.५९ र पूँजिगत तर्फ रु २०००२९८७९.७५ तथा अन्य खर्च र संघ प्रदेश फिर्तासमेत रु १४३५१०२४४.९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु ५२९६१५०.० खर्च भएको छ जुन आन्तरिक आयको ५८८ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालुमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

९ **लक्ष्य प्रगतिः**

कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका ६६९ योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिती** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगती** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | 669 | 81 | 12 | 15 | 561 |
| **रकम** | ४७८५४७ | | | | |

१०

**संगठन तथा कर्मचारी व्यवस्थापन**

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ७(करार बाहेक) जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

११

**कर्मचारी करारः** ४,३३२,५००

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले नगर स्वयम सेवक शिक्षक २२ जना समेत ६१ जना कर्मचारीहरु करारमा राखि रु १०४११५७८.० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको नगरस्वयम शेवक शिक्षक, प्रशासन सहायक लगायतका ३ पदमा २७ जना करार नियुक्ति गरी बर्षभरीमा रु ४३३२५००.० भुक्तानी गरेको अनियमित दिखएको रु.

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **कल्याण कोषः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष कल्याण कोषमा कुनै पनि रकम ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| १३ | | | **वडा सचिवको पदपूर्तिः**<br>नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको ९ दरबन्दी भएकोमा सबै पद रिक्त भएको देखियो । | |
| १४ | | | **सेवा प्रवाहको स्थितीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था १० वटा ऐन, ४ वटा नियमावली, २४ कार्यविधि लगायत ३६ वटा कानुन निर्माण गरी कार्यान्यिनमा रहेका छन् । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | | |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | 946 | 946 |
| मृत्युदर्ता | 122 | 122 |
| बसाईसराई दर्ता | 92 | 92 |
| विवाह दर्ता | 152 | 152 |
| सम्बन्धविच्छेद दर्ता | | |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | 1 | ठेक्काको चरणमा |
| कालोपत्रे सडक मर्मत | 0 | 0 |
| ग्राभेल सडक निर्माण | 0 | 0 |
| ग्राभेल सडक मर्मत | 0 | 0 |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१५

**योजना छनौट तथा कार्यान्वयन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १०-50 लाख सम्म | 50लाख भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|
| 51 | 38 | 82 | 28 | 24 | 0 | 223 |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु १००००.० हजार देखि ५० लाख सम्मका जम्मा २२३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ५१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१६

**कानून निर्माण एवं कार्यान्वयन**

**न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप ५ विवाद दर्ता भई ३ वटा मात्र फछ्र्यौट भई २ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१७

**आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर नगरपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । साथै आन्तरिक लेखापरीक्षण शाखा समेत गठन गरेको छैन ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१८

**पदाधिकारी सुविधा तथा बजेट**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु ५२९६१५०.० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष..... जना | कार्यपालिका सदस्य ...... | सभाका सदस्य...... | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | ५१०० | ५१०० | ३२३०० | ३३१५० | | ७५६५० |
| २ | यातायात खर्च | ० | ० | ० | ८००० | १३५००० | १४३००० |
| ३ | टेलिफोन,मोबाइल | ६३००० | ५४००० | ३२४००० | २५२००० | १६२००० | ८५५००० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ५८५०० | ४५००० | ३२४००० | २५२००० | २०२५०० | ८८२००० |
| ५ | समन्वय तथा सहजीकरण | ९०००० | ८१००० | ५२६५०० | ४३२००० | ३२४००० | १४५३५०० |
| ६ | अतिथि सत्कार | ९९००० | ९०००० | ६४८००० | ० | ० | ८३७००० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ३६००० | ३१५०० | २०२५०० | १८०००० | ८१००० | ५३१००० |
| ८ | चाडपर्व खर्च | २७५०० | २७५०० | १६२००० | ७०००० | २३२००० | ५१९००० |
| | जम्मा | ३७९१०० | ३३४१०० | २२१९३०० | १२२७१५० | ११३६५०० | ५२९६१५० |

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **सचिवालय खर्चः** | |
| १९.१ | | | कार्यालयले नियमित कार्यालय प्रयोजन बाहेक नगरप्रमुख तथा उपप्रमुखको सचिवालय खडा गरी ५ कर्मचारी सचिवालयमा कार्य गर्ने गरी नियुक्त गरेको छ।नियमित कार्यालय प्रयोजन बाहेक ५ कर्मचारी नियुक्त गरी रु ९५५५००.० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | ९५५,५०० |
| १९.२ | | | स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ मा नगर प्रमुख तथा उप प्रमुखको सचिवालय सम्बन्धि व्यवस्था गरेको छैन । नगरपालिकाले यो बर्ष नगर प्रमुख र उप प्रमुखको सचिवालय व्यवस्थापन अन्तरगत रु.२२४०२७०.० खर्च गरेको छ । | २,२४०,२७० |

| | | | | |
|---|---|---|---|---|
| | | | ऐनमा न्यायिक समितिलाई आवश्यक खर्चको व्यवस्थापन गाँउसभाले निर्णय गरे बमोजिम हुने व्यवस्था छ । न्यायिक समितिले सम्पादन गर्ने कार्यको आधारमा रकम व्यवस्था गर्न सकिनेमा सचिवालय व्यवस्थापनमा खर्च भएको छ । कानूनमा नभएको व्यवस्था बमोजिम भएको खर्च नियमित खर्च मान्न नसकिएको रु. | |
| २० | | | **बजेट अबण्डाः**<br>नगरपालिकाले कार्यपालिकाको निर्णय अनुसार गर्ने, मेयर रोजगार कार्यक्रम नगर प्रमुखको स्वीकृति अनुसार कार्यक्रम तथा योजना खर्च भनि क्रमशः१,१२,४७ हजार र ५० लाख गरी रु.१ करोड ६२ लाख ४७ हजार बजेट अवण्डा राखेको छ । कानूनमा व्यवस्था नभएको अवस्थामा बजेटमा नै योजना/ कार्यक्रम प्रस्ताव गरी बजेटको बाँडफाँड गर्नुपर्दछ । अवण्डा राख्ने कार्य पूर्णतः नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु ८०००००.० आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता वितरणमा कार्यविधि तयार गरी वितरण गर्नुपर्दछ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २२ | | | **अनुदान फिर्ता, वितरण र उपयोग**<br>**अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने सशर्त तर्फका कार्यक्रमको वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च भएको देखिन्छ। (रु हजारमा) | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम | फिर्ता रकम | फिर्ता बाँकी रकम |
|---|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २३५०१७ | २१९१२४ | १५८९१ | १५८९१ | ० |
| | विषेश | ० | ० | ० | ० | ० |
| | समपूरक | ० | ० | ० | ० | ० |
| प्रदेश सरकार | शसर्त | १००३ | १००३ | ० | ० | ० |
| | विषेश | ६८०० | ६६५० | १४९ | ० | १४९ |
| | समपूरक | ४७०७ | ४६३९ | ६७ | ० | ६७ |
| | जम्मा | २४७५२७ | २३१४१६ | १६१०७ | ० | १६१०७ |

२३

**समपूरक अनुदानः**

समपूरक अनुदान सम्बन्धि कार्यविधि, २०७५को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये पचास प्रतिशत नेपालसरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै सूदुरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ६ मा समपूरक अनुदान प्राप्त गर्न छनौट भएको योजनाको कुल लागत मध्ये चालिस प्रतिशत प्रतिशत प्रदेश सरकारले अनुदान दिने र बाँकी स्थानिय तहले लागत साझेदारी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले समपूरक अनुदान बापत निम्नानुसार योजनामा अनुदान रकम खर्च गरेतापनी नगरपालिकाले आफ्नो लागत साझेदारी गरेको छैन। कार्यविधिको व्यवस्था अनुसार लागत रकमको साझेदारी नगरी समपूरक अनुदान खर्च गरेको नियमसम्मत नदेखिएको रु

(रु हजारमा)

| स्रोत | योजनामा कुल खर्च रकम | नगरपालिकाले लागत साझेदारी गर्नुपर्ने रकम |
|---|---|---|
| प्रदेश सरकार समपूरक अनुदान | ४६३९ | २७८३.०( साठी प्रतिशत) |
| जम्मा | ४६३९ | २७८३ |

२,७८३,०००

२४

**ठेक्का व्यवस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

(रु.हजारमा)

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| | ३० | १२२९४२ | 0 | | १३ | ३९६६९ | | |

२५

**सवारीसाधन खरिद**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १थान मोटरसाईकल खरिदमा रु २६५०००.० र १ थान डोजर खरिदमा रु ५३५००००.० खर्च गरेका छन् ।

२६

**कर दस्तुर एवं आन्तरिक आय**

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु ४७ लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु ८९९२०१ अर्थात अनुमान भन्दा १९.२ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२७

**आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| 478547049.34 | 899201 | 0.18 |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.१८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २८ | | | **कर तथा शुल्क असुली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| **सि.न.** | आय शीर्षक | अनुमान | असुली | **असुली प्रतिशत** |
|---|---|---|---|---|
| 1 | भुमिकर/मालपोत | 1000000 | 207360 | |
| 2 | घरजग्गा वहाल कर | 100000 | 692 | |
| 3 | अन्य प्रशासनिक शुल्क | 500000 | 500 | |
| 4 | सिफारिस दस्तुर | 1700000 | 4032७६ | |
| 5 | ब्यक्तिगत घटना दस्तुर | 500000 | 115623 | |
| 6 | नाता प्रमाणीत दस्तुर | 100000 | 6500 | |
| 7 | अन्य दस्तुर | 500000 | 149500 | |
| 8 | ब्यवशाय रजिष्ट्रेशन दस्तुर | 150000 | 1000 | |
| 9 | न्यायीक दण्ड जरिवाना र जफत | 50000 | 13750 | |
| 10 | प्रशासनिक दण्ड जरिवाना र जफत | 100000 | 1000 | |
| | कुल जम्मा | ४७०००००.० | 899201 | |

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।


https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| २९ | | | **राजस्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ ।नगरपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ३० | | | **रसिद नियन्त्रण खाता नरहेको**<br>नगरपालिकाले आफ्नो क्षेत्रभित्र लगाएको विभिन्न करहरुको सिफारिस दस्तुरको लागि प्रयोग गरिने नगदी रसिदको रसिद नियन्त्रण खाता अद्यावधिक गरी राख्नुपर्दछ ।गत वर्षको मौज्दात,यो वर्षको आय,यो वर्षको खर्च र बाँकी जिम्मेवारी देखिने गरी नगदी रसिदको खाता तयार गर्नपर्नेमा सो खाता तयार गरेको छैन । आ.व. को अन्तमा फिर्ता गर्नुपर्ने कतिपय रसिद ठेलीहरु फिर्ता आएको छैन । आम्दानीतर्फ प्रयोग गरिने रसिद ठेलीको आय एकिन गरी बैंक जम्मा विवरण राखी श्रेस्ता अद्यावधिक गर्नुपर्नेमा नगरपालिकाले रसिद नियन्त्रण खाता नराखेको कारण एकिन हुन सकेन । | |
| ३१ | | | **राजस्व दाखिला**<br>आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत 9 वटा वडा पालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **नदीजन्य पदार्थको ठेक्का**<br>नगरपालिकाको आर्थिक बर्ष २०७७।७८ को आम्दानीमा नदीजन्य पदार्थबाट आय गरेको छैन।आन्तरिक आम्दानीको तुलनामा नगरपालिकाको चालु खर्च तथा पदाधिकारीहरुको खर्च बृद्धि भै रहेको छ ।नगरपालिकाको कार्य क्षेत्र रहेको बुढीगंगा नदीबाट प्राप्त हुने नदिजन्य पदार्थ ढुङ्गा गिट्टि बालुवाको EIA तथा IEE गरी बार्षिक रुपमा प्राप्त हुन सक्ने परिमाण एकिन गरी ठेक्का पट्टाको माध्यमबाट रकम प्राप्त गरी आय श्रोत बढाउन सकिने अवस्था रहेको छ । सो नदीबाट प्राप्त हुने नदि जन्य पदार्थको समयमा नै ठेक्का पट्टा गरी आय श्रोत प्राप्त गर्ने तर्फ नगरपालिकाको ध्यान जानु जरुरी देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा यस बर्ष कुनै पनि रकम उठाएको देखिएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३४ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३५ | | | **व्यवसाय करः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आप्mनो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| ३६ | | | **सशर्त कार्यक्रम शिक्षातर्फः**<br>**शिक्षक दरवन्दी र पदपूर्ति** -<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठन पाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३४ सामुदायिक विद्यालयहरुमा १४५ शिक्षक दरवन्दी रहेकोमा सबै पदपूर्ति भएको र सोमध्ये ७ जना करारमा रहेका छने।विद्यालयमा कुल ७२२८ विद्यार्थि अध्ययनरत रहेका छन्। | |
| ३७ | | | **सिमा नाधि औषधी सोझै खरिदः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा सार्वजनिक निकायले औषधी तथा औषधीजन्य सामग्री खरिद गर्दा बिस लाखको सिमा नाघी एक आर्थिक वर्षमा एकै फर्मसँग सोझै खरिद गर्न नसकिने तथा सोझै खरिद गर्दा औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा खरिद गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयले पटक पटक गरी देहायका फर्मबाट सिमा नाघि रु. ३१४०३०८.० को औषधी तथा औषधीजन्य सामग्री खरिद गरेको छ । खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधिको खरिद, आपूर्ती, दाखिला | |

| | | | | |
|---|---|---|---|---|
| | | | तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राखेको, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने गरेको समेत प्रमाण वेगर खरिद गरेकोले यस तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । नियमावलीको व्यवस्था अनुसार तोकिएको सिमा ननाघ्ने गरी खरिद गरिनुपर्दछ। | |

| भौ.नं/मिती | फर्मको नाम | रकम |
|---|---|---|
| 60/077/8/22 न पा चालु | डि.वि.मेडिसिन सेन्टर धनगढी | 282500 |
| 101/077/8/30 न पा चालु | डि.वि.मेडिसिन सेन्टर धनगढी | 518514 |
| 162/077/12/26 न पा चालु | डि.वि.मेडिसिन सेन्टर धनगढी र ड्रग सेन्टर | 549787 |
| 163/077/12/26 न पा चालु | ड्रग सेन्टर | 300000 |
| 164/077/12/26 न पा चालु | द ग्लोवल सर्जिकल हाउस | 199887 |
| 10/077/7/3 सशर्त चालु | डि.वि.मेडिसिन सेन्टर धनगढी र ड्रग सेन्टर | 1289620 |
| 54/077/12/26 न पा पूँजीगत | द ग्लोवल सर्जिकल हाउस | 196240 |
| **जम्मा** | | **3336548** |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **नगरपालिका पूँजिगततर्फः**<br>**निर्माण कार्यको गुणस्तरः**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टारको गुणस्तर परीक्षण तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ। | |

<table>
<tr><td>३९</td><td></td><td></td><td>बीमा गराउनुपर्नेः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैँयाभन्दा बढीको निर्माण कार्यमा निफर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पूँजिगत बाजेटमा चालु प्रकृतिको खर्चः<br>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्दछ।कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस कार्यालयले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न ५ संघ संस्था, समूह, क्लव, व्यक्ति, फर्म लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु ७१५६३६.० भुक्तानी दिएको पाईयो।केही उदाहरण देहाय बमोजिम रहेका छन्।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्था/व्यक्ति</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>गिठ्ठे बुढा</td><td>भरणपोषण खर्च भुक्तानी</td><td>१०००००.०</td></tr>
<tr><td>२</td><td>प्रशासन सहायक, नरेश थापा</td><td>हार्मोनियम खरिद</td><td>१०६५००.०</td></tr>
<tr><td>३</td><td>प्रशासन सहायक, नरेश थापा</td><td>हार्मोनियम, मादल खरिद</td><td>३९९२३६.०</td></tr>
<tr><td>४</td><td>दल बहादुर साँउद</td><td>चिया नास्ता</td><td>१९९००.०</td></tr>
<tr><td>५</td><td>कटुवाल स्मृति प्रतिष्ठान</td><td>भलिबल खेल प्रतियोगिता</td><td>९००००.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>७१५६३६.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>प्रयोजन नखुलेकोः</td><td></td></tr>
<tr><td>४१.१</td><td>२८</td><td></td><td>घटी बिलः २८/२०७७/८/२२, कार्यालयले आलु बिउ खरिद तथा ढुवानीको लागी ना.प्रा.स मान बा.रावलको रु १८०००००.० पेश्की फछ्र्यौट गरेकोमा, फछ्र्यौतसंग सम्बन्धित श्रेस्तामा रु ३०६००.० को बिल/भरपाई पेश नभएकोले, सोको प्रमाण पेश हुनुपर्ने अन्यथा</td><td>३०,६००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने रु | |
| ४१.२ | ६९ | | **६९/२०७७/८/३०,**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५७(१) मा कार्यालयले लेखा राख्दा सो लेखा प्रमाणित गर्ने बिल, भरपाई तथा अन्य कागजात सिलसिलाबद्ध रुपमा राख्नुपर्दछ।कार्यालयले ईन्धन बापतको खर्च रकम ना.प्र.स मन बा रावललाई रु १०८००.० भुक्तानी गरेकोमा, ईन्धनको प्रयोजन तथा प्रयोगको लगबुकहरु पेश नभएकोले, खर्चको भुक्तानीको यथार्थता यकिन गर्न नसकिएको रु | १०,८०० |
| ४१.३ | २६४ | | **कार्यविधि बिना क्षतिपूर्ति वितरणः २६४/२०७८/३/७**,<br>कार्यालयले मालागाउँ सेरा साटेबगरसम्मको सडक निर्माणको क्रममा धान, मकै, केरा, भटमास आदी क्षति भएबापत कार्यविधि तथा क्षतिको मूल्याङ्कनबिना भरत बा.बुढालाई रु ३१२००.० भुक्तानी गरेको छ।सडक निर्माणमा भएको क्षतिपूर्तिको कार्यविधिबिना एक व्यक्तिलाई मात्र बिना मूल्याङ्कन भुक्तानी भएको नियमसम्मत नदेखिएको रु | ३१,२०० |
| ४२ | | | **कार्यविधिबिना अनुदान वितरणः**<br>कार्यालयले भैँसी पालन योजना अन्तर्गत ९ कृषि फर्मलाई रु १२००००.० का दरले रु १०८००००.० र कुखुरा पालन योजना अन्तर्गत २० कुखुरा पालन फर्मलाई रु ६००००.० का दरले रु १२०००००.० गरी कुल रु २२८००००.० अनुदान वितरण गरेको छ।सो अनुदान वितरणका लागि कार्यविधि बनाईएको छैन भने लाभग्राही छनौटको मापदण्ड बिना तोक आदेशको आधारमा रकम भुक्तानी गरिएको छ।अनुदान प्राप्तीको लागी प्रस्ताव पेश नभएको, लाभग्राहीको लागत सहभागिता नभएको र अनुदान वितरणपश्चात्त अनुगमन समेत नभएकोले, अनुदानको उपयोगिता सुनिश्चित्त गर्न नसकिने हुँदा अनुदान उपयोगको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | २,२८०,००० |
| ४३ | ३७७ | | **विद्यालय अनुदानः**<br>**३७७/२०७८/३/२४**,<br>कार्यालयले मेयररोजगार कार्यक्रम, प्रमुखज्यूको स्वीकृती अनुसार कार्यक्रम तथा योजना खर्च शिर्षक अन्तर्गत कार्यविधिबिना नगरप्रमुखको मिती २०७८/३/२४ को तोक आदेशको आधारमा श्री त्रिभुवनेश्वरी मा.वि लाई रु २०००००.० भुक्तानी गरेको छ।कार्यविधिबिना तोकआदेशको आधारमा खर्च शिर्षक फरक पारी विद्यालयलाई भुक्तानी दिएको नियमसम्मत नदेखिएको रु | २००,००० |
| ४४ | | | **मालसामान खरिदको लागी पेश्कीः** | |

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४९(१) मा बिक्रेताबाट सोझै मालसामान खरिद गर्न नसकिने भई त्यस्तो मालसामान खरिद गर्न कर्मचारीलाई पेश्की दिई पठाउने व्यवस्था रहेको छ।कार्यालयले विभिन्न ईलेक्ट्रोनिक्स, औषधी, फर्निचर, स्टेस्नरी लगायतको सामग्री बिक्रेताबाट सोझै मालसामान खरिद गर्नसक्ने अवस्थामा कर्मचारीमार्फत देहायको सामग्री खरिद गर्न अवधि उल्लेख नगरी कुल रु ७०९८२९६.० पेश्की भुक्तानी गरेको छ।खरिदका लागी भुक्तानी भएको पेश्की समयमा फछ्र्यौट भएको छैन भने खरिद गरिएको सामग्रीमा तीन फर्मसँग दरभाउ मागेर सबैभन्दा कम कबोल गर्नेसँग खरिद गर्नुपर्नेमा, नगरेकोले खरिद मितव्ययी भएको मान्न सकिएन।यसबाट सरकारी रकम लामोसमय प्रयोजनबिहिन भई व्यक्तिगत खातामा रहने हुनाले वित्तिय जोखिम बढ्न जाने देखिन्छ।मालसामान खरिद गर्न अवधि किटान नगरी पेश्की दिने पदाधिकारीलाई जिम्मेवार बनाउँदै,नियमावलीको व्यवस्था अनुसार बिक्रेताबाट मालसामान खरिद गरीनुपर्दछ।

| भौ.नं/मिती | प्रयोजन/खरिद | पेश्की बुझिलिने | रकम |
|---|---|---|---|
| २२/२०७७/९/१ | ल्यापटप, डेस्कटप खरिद | सु.प्र.अ नरेश राज पन्त | ४९९४६०.० |
| २३/२०७७/९/३ | जग्गा खरिद व्यवस्थापन तथा अन्य कार्यक्रम संचालन | क.अ. रेखा थापा कटुवाल | २५०००००.०<br>(२०७७/३/२९ मा पेश्की फिर्ता भएको) |
| २८/२०७७/८/२२ | आलु विउ खरिद | ना.प्र.स मान बा. रावल | १८०००००.० |
| ५८/२०७७/१२/२९ | हार्मोनियम खरिद | प्रशासन सहायक, नरेश थापा | १०६५००.० |
| ५९/२०७७/१२/२९ | हार्मोनियम, मादल खरिद | प्रशासन सहायक, नरेश थापा | ३९९२३६.० |
| ८४/२०७८/१/१९ | ईन्टरनेट ईन्भर्टर र जीआई टावर खरिद र जडान | सु.प्र.अ नरेश राज पन्त | ४१८१००.० |
| ११९/२०७७/९/३ | विभिन्न कार्यक्रम संचालनु | शिक्षा संयोजक, रतन बा ऐडी | १३७५०००.०<br>(२०७८/१/१६ मा फिर्ता भएको) |
| जम्मा | | | ७०९८२९६.० |

४५ **ढुवानी भुक्तानीः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम मा अनुसूची १ बमोजिमको ढाँचामा आईटम दररेट हिसाब गरेर, लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ ।कार्यालयले विभिन्न संरचाना निर्माणको योजनाको लागी देहायको उपभोक्ता समितिमार्फत निर्माण गरेकोमा, सो योजनाहरुको संलग्न दरविश्लेषण अनुसार ढुँगाको कार्यको लागी, ढुँगाको

<table>
<tr><td></td><td></td><td></td><td>ढुवानी बापत निम्नानुसार रकम भुक्तानी गरेको छ।ढुँगाको उपलब्धता मापनबिना उपभोक्तालाई ढुँगा ढुवानीको लागी १००० मि सम्मको दुरी राखी ढुवानी बापत रकम भुक्तानी गरिनुले योजना संचालन मितव्ययी भएको मान्न सकिएन।
<table>
<tr><td>भौ.नं/मिति</td><td>उपभोक्ताको नाम</td><td>कार्यसम्पन्न रकम</td><td>बापत भुक्तानी</td></tr>
<tr><td>४९/२०७७/१२/२४</td><td>कालापानी लाटेकाफल ग्याविन वाल निर्माण</td><td>५२३२५२.०</td><td>१५२४००.०</td></tr>
<tr><td>७३/२०७८/१/३</td><td>पौमा आधारभूत स्वास्थ्य चौकी वाल</td><td>८४२३१९.०</td><td>६९९६०.०</td></tr>
<tr><td>३९०/२०७८/३/२५</td><td>छतरा आ.वि भवन निर्माण</td><td>२५५२०४१.०</td><td>२६८२५७.०</td></tr>
</table></td><td></td></tr>
<tr><td>४६</td><td>४०७</td><td></td><td>बैठक भत्ताः<br>अर्थ मन्त्रालय कार्य संचालन निर्देशिका, २०७५ को दफा ७.१.१ मा बैठक भत्ताको मापदण्ड अनुसार एकै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने उल्लेख छ।यस नगरपालिकाका कर्मचारी तथा पदाधिकारी मात्र सम्मिलित भएको निम्मानुसार संख्याका पदाधिकारीहरुलाई, बैठक भत्ता बापत भुक्तानी भएको रु २०१२५८.० नियमसम्मत नदेखिएको रु
<table>
<tr><td>भौ.नं/मिति</td><td>प्रयोजन</td><td>पदाधिकारी संख्या</td><td>रकम</td></tr>
<tr><td>४०७/२०७८/३/२५</td><td>टेन्डर बैठक भुक्तानी</td><td>१५</td><td>२०१२५८.०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२०१२५८.०</td></tr>
</table></td><td>२०१,२५८</td></tr>
<tr><td>४७</td><td></td><td></td><td>सोझै खरिदः</td><td></td></tr>
<tr><td>४७.१</td><td></td><td></td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१ख) मा एकै अर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँचलाखभन्दा रकमको मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न मिल्दैन।कार्यालयले देहायको फर्मबाट निम्मनानुसार प्रयोजनको लागी सिमा नाघी सोझै सामग्री खरिद गरि रकम भुक्तानी गरेको छ।खरिद भएको मालसामानको जिन्सी दाखिला समेत गरेको छैन। नियमावलीमा उल्लेखित सिमा नघाई सोझै खरिद गरेको रु ३६०२०००.० नियमसम्मत नदेखिएको रु</td><td>३,६०२,०००</td></tr>
</table>

| भौ.नं/मिती | खरिद गरेको फर्म | प्रयोजन | भुक्तानी बुझिलिने | रकम |
|---|---|---|---|---|
| ७६/२०७८/१/४ | अवस्थी बहुउद्देश्यीय कृषि फर्म | आलु बिउ खरिद | अवस्थी बहुउद्देश्यीय कृषि फर्म | ८५५०००.० |
| २८/२०७७/७/२२ | साँउद एग्रोभेट सेन्टर | आलु बिउ खरिद | ना.प्रा.स. मान बा रावल | १८०००००.० |
| ८८/२०७८/१/१९ | साँउद एग्रोभेट सेन्टर | टनेल हाउस खरिद | साँउद एग्रोभेट सेन्टर | ९४७०००.० |
| | जम्मा | | | ३६०२०००.० |

४७.२ सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१ख) मा एकै अर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी पाँचलाखभन्दा रकमको मालसामान एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न मिल्दैन।कार्यालयले देहायका शिर्षक अन्तर्गतको खरिदमा पटक पटक गरी निम्नानुसारको रकम सोझै खरिद गरेको छ।बार्षिक खरिद योजना बनाई सो बमोजिम बोलपत्रमार्फत नियमित प्रकृतिका खरिद कार्य संचालन गर्नुपर्नेमा सो नभएको तथा लागत अनुमान बराबरमै खरिद भएको हुँदा, खरिद मितव्ययी भएको मान्न सकिएन।

| खरिद शिर्षक/प्रयोजन | खरिद गरिएको फर्म संख्या | बार्षिक खरिद रकम |
|---|---|---|
| विपद् सामग्री खरिद | २ | ९९३०३२.० |
| कार्यालय सामग्री खरिद | ७ | २०८१५८०.० |
| विभिन्न निर्माण कार्य | ९ | ३५५११०२.० |

४८ **एकै योजनाको लागत टुक्राएर सोझै खरिदः** १,४१८,६३५

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(१क) मा पाँच लाख रुपैँयासम्म लागत अनुमान भएको निर्माण कार्य सोझै खरिद गर्न सकिनेमा कार्यालयले तप्सीखोला रत्ना हुँदै पैमा सडकको कुल लागत रु १४२१५४६.३ भएकोमा, कार्यालयले लागत टुक्राई निम्नानुसार फर्मबाट एकै समयमा सोझै निर्माण कार्य गरी रु १४१८६३५.१ भुक्तानी गरेको छ।एकै योजनाको लागत टुक्राई सोझै निर्माण गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ। सोझै गरिएको निर्माण नियमसम्मत नदेखिएको रु

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| भौ.नं/मिती | बाटो(चेनेज) | लागत अनुमान(मू.अ.कर समेत) | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ९०/२०७८/१/२० | तप्सीखोला रत्ना हुँदै पैमा सडक (०+००० देखि ०+४१०) | ४७७३०४.३ | अशोक कन्स्ट्रक्सन एण्ड अर्डर सप्लायर्स | ४७४३९३.१ |
| ९१/२०७८/१/२० | तप्सीखोला रत्ना हुँदै पैमा सडक (०+४१० देखि ०+८२०) | ४६९०८७.४ | न्यू बडलेक निर्माण सेवा | ४६९०८७.४ |
| ९२/२०७८/१/२० | तप्सीखोला रत्ना हुँदै पैमा सडक (०+८२० देखि १+२४०) | ४७५१५४.६ | के.आर निर्माण सेवा | ४७५१५४.६ |
| | जम्मा | १४२११५४६.३ | | १४१८६३५.१ |

| | | | | |
|---|---|---|---|---|
| ४९ | | | **श्रेस्ता पेश नभएको** | |
| ४९.१ | ३७४ | | **३७४/२०७८/३/२४,**<br>कार्यालयले डि.बि कन्स्ट्रक्सनलाई ढुवानी बापतको भुक्तानी जनाई रु ४९५०००.० भुक्तानी गरेकोमा, भुक्तानीसँग सम्बन्धित श्रेस्ता पेश नभएकोले कारोबारको यथार्थता एकिन गर्न नसकिएको रु | ४९५,००० |
| ४९.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।कार्यालयले मालागाड सडक निर्माणबापत दिप निर्माण सेवालाई रु ७४२६६७.० भुक्तानी गरेकोमा, भुक्तानीसँग सम्बन्धित ठेक्का विवरण तथा श्रेस्ता पेश नभएकोले कारोबारको यथार्थता एकिन गर्न नसकिएको रु | ७४२,६६७ |
| ५० | | | **अधुरो भवन/संरचना निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरिद कारबाहीको तयारी गर्दा खरिदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरिद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ।कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्यसम्पन्न पेश भएको छ।भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत | |

साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणमा न्यून बजेट बिनियोजन गरी अधुरा/अपुरा भवन संरचना निर्माण गरी रकम भुक्तानी भएको देखिएको छ।

| भौ.नं/मिति | योजनाकोनाम | भुक्तानीरकम |
|---|---|---|
| ९६/२०७८/१/२१ | वडा नं ८ वडा कार्यालय भवन निर्माण | १७०२३६२.० |
| १४४/२०७८/२/१३ | मष्टेश्वरी आ.वि भवन निर्माण | ९४६६०२.० |
| ३०६/२०७८/३/१४ | वडा नं ५ वडा कार्यालय भवन निर्माण | ९४२९४२.० |
| २७८/२०७८/३/८ | पन्ताली सत्सँग भवन निर्माण | ९४१०३८.० |

५१

**डोजर प्रयोगको बिलः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ।कार्यालयले देहायका उपभोक्ता समितीलाई डोजरबापत निम्नानुसार रकम भुक्तानी गरेकोमा, डोजार प्रयोगको घटी बिजक पेश गरेकोले, बिजक पेश नभएको रु ८५२३४९.० को बिजक सम्बन्धितबाट पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु

८५२,३४९

| भौ.नं/मिती | उपभोक्ताको नाम | डोजर बापत भुक्तानी भएको रकम (दर विश्लेषणका आधारमा) | डोजरको बिल पेश भएको (मू.अ.कर बाहेकको रकम) रु | घटी बिल पेश भएको रु |
|---|---|---|---|---|
| १०७/२०७८/१/२४ | एक्सेल्ला गेरुगडा पर्यटकिय सडक निर्माण | १३२४१८९.० | ११११३४९६.० | २१०६९३.० |
| १४८/२०७८/२/१४ | तोलिदेखि विन्ती खोला सडक | १०५८६०८.० | ९२५०००.० | १३३६०८.० |
| ३४९/२०७८/३/२२ | खीरपाटा पन्धारा हुँदै गडीगाउँसम्म सडक | २२५२८३६.० | १७४४७८७.० | ५०८०४८.० |
| जम्मा | | | | ८५२३४९.० |

| | | | | |
|---|---|---|---|---|
| ५२ | १७९ | | **वडा कार्यालय फिल्ड निर्माणः**<br>**१७९/२०७८/२/१८,**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम मा अनुसूची १ बमोजिमको ढाँचामा आईटम दररेट हिसाब गरेर, लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ।कार्यालयले वडा नं ३ वडा कार्यालय फिल्ड निर्माण रु ८३३३२८.० को कार्य मापन गरी उपभोक्ता समितीलाई रु ६६५०००.० भुक्तानी गरेको छ।संलग्न दरविश्लेषणमा फिल्ड निर्माणको लागी माटो खन्ने कार्यमा ६० प्रतिशत मान्छेले र ४० प्रतिशत मेशिन लाग्ने गरी दरविश्लेषण गरी मूल्य कायम गरी मान्छेले कार्य गरेबापत रु ७६४४९०.० मान्छेले कार्य गरेको देखाएकोमा, मेशिन लगाएको ठाउँमा सो रकम बराबरको मान्छेले कार्य गर्नुपर्ने कारणबारे प्राविधिक पुष्ट्याँई गरिएको छैन।संलग्न श्रेस्ता अनुसार मान्छेले कार्य गरेको समेत पुष्टि नहुने हुनाले, मेशिनले काम गरेको ठाउँमा मान्छेको कार्य मापन गरी भुक्तानी भएको रु ७६४४९०.० नियमसम्मत नदेखिएको रु | ७६४,४९० |
| ५३ | | | **मौरेदेखि जिरोप्वाईन्ट १ कि.मि सडक कालोपत्रेः**<br>१३२/२०७८/२/९, कार्यालयले मौरेदेखि जिरोप्वाईन्ट १ कि.मि सडक कालोपत्रे गर्न मिती २०७८/२/९ मा बि.आर.एस् कन्स्ट्रक्सनसँग रु ४२९८५९०.५ (मू.अ.कर समेत) सम्झौता गरेको छ।सम्झौता अनुसार निर्माण व्यवसायीले मिती २०७८/३/२० मा निर्माण कार्यसम्पन्न गर्नुपर्दछ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्। | |
| ५३.१ | | | **२३६/२०७८/२/२४,** | |

| | | | | |
|---|---|---|---|---|
| | | | कार्यालयले खिरपाटा किम्नी सडक निर्माणको लागी मिती २०७८/२/२६ मा राजधानी कन्स्ट्रक्सनसँग रु २२२३३९९८.७ (मू.अ.कर समेत) सम्झौता गरेको छ।सम्झौता अनुसार कार्यालयले निर्माण व्यवसायीलाई रु ४४८००००.० पेश्की भुक्तानी गरेकोमा, पेश्की जमानतको अवधि ई.स. २०२१/७/१८ मा सकिएकोले, पेश्कि जमानतको म्याद थप गरिनुपर्दछ।साथै योजनाको म्याद मिती २०७८/३/२० मा सम्पन्न भएकोमा निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन पेश गरेको छैन। तोकिएको समयमा अवधि थपको निवेदन पेश नगरेको तथा सम्झौता अवधिमा कार्यसम्पन्न नगरेको कारण, कार्यालयले निर्माण व्यवसायी तथा फर्मलाई नियमानुसार हर्जना लगाई सम्झौता बमोजिमको कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ५३.२ | | | **नापी किताब पेश नभएको:** कार्यालयले निर्माण व्यवसायीलाई दोश्रो रनिङ्ग बिलसम्ममा रु १३१०८००.० को निर्माण कार्यको नापजाँच भई रकम भुक्तानी भएकोमा, सोको नापी किताब पेश नभएको र सो सडकमा हाल निर्माण कार्य भैरहेको नदेखिएकोले वास्तविक नापजाँचको आधारमा नापीकिताब अद्यावधिक गरी पेश गर्नुपर्ने रु | १,३१०,८०० |
| ५३.३ | | | **योजनाको म्याद थप:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा सम्झौताको म्याद सकिनु एक्काईस दिन अगावै सम्बन्धित ठेकेदार तथा फर्मले कारण खुलाई अवधि थपको लागी निवेदन पेश गर्नुपर्ने व्यवस्था रहेको छ।सम्झौता बमोजिम ठेक्काको म्याद मिती २०७८/३/२० मा समाप्त भएकोमा, निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन पेश गरेको छैन। तोकिएको समयमा अवधि थपको निवेदन पेश नगरेको तथा सम्झौता अवधिमा कार्यसम्पन्न नगरेको कारण, कार्यालयले निर्माण व्यवसायी तथा फर्मलाई नियमानुसार हर्जना लगाई सम्झौता बमोजिमको कार्यसम्पन्न गराउनुपर्दछ। | |
| ५४ | | | **जग्गा प्राप्तीः**<br>जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ।कार्यालयले छतरा आ.वि ले मिती २०७५/११/१२ र मिती २०७६/८/२० मा जग्गा प्राप्त गरेबापत रु १०१२५००.० विद्यालयलाई रकम भुक्तानी गरेको छ।जग्गा प्राप्तीको मूल्य निर्धारण उपरोक्त समितीले गरेको छैन भने ऐन को दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना समेत नभई दामासाही रुपमा मूल्य निर्धारण गरी रकम भुक्तानी भएको छ।विगत आ.व. मा भएको खरिदको रकम हाल विद्यालयलाई भुक्तानी गरेकोमा, सो भुक्तानी बाँकीको विवरण प्रमाणित भएको छैन भने रकम जग्गाधनीलाई भुक्तानी नभई विद्यालयको खातामा निकासा गरिएको छ।ऐनको व्यवस्था पालना नगरी दामासाही मूल्य निर्धारण गरी, विगत आ.व मा खरिद भएको जग्गाको रकम विद्यालयलाई निकासा भएकोमा मुआब्जा निर्धारण समितीको मूल्याङ्कन तथा विगतमा भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने रु | १,०१२,५०० |

| | | | | |
|---|---|---|---|---|
| ५५ | २५९ | | **ब्याकहो लोडर खरिदः**<br>**२५९/२०७८/३/७,**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ख(३) मा क्टलग मार्फत सपिङ्ग गर्दा आधिकारीक बिक्रेताको सूचि तयार गरी निजहरुबाट प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले ब्रेकर सहितको ब्याकहो लोडर क्याटलग मार्फत खरिद गरेबापत किसान अर्थमुभर्सलाई ५३५००००.० भुक्तानी गरेको छ।क्याटलग खरिदको लागी एकमात्र फर्मको बोलपत्र पेश भएकोमा अन्य फर्मको बोलपत्र नपर्दै एकमात्र फर्मको बोलपत्र स्वीकृत गरिएकोले, खरिद मितव्ययी भएको मान्न सकिएन।साथै खरिद भएको ब्याकहो लोडर प्राविधिक स्पेसिफिकेसन बमोजिम भए/नभएको Inspection Report अनिवार्य रुपमा पेश गर्नुपर्नेमा, सो बिना रकम भुक्तानी भएको छ। | |
| ५६ | ३३५ | | **उपभोक्तालाई ओभरहेड भुक्तानीः**<br>**३३५/२०७८/३/२०,**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१) मा उपभोक्तालाई ओभरहेड कट्टा गरेर रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ।कार्यालयले मष्टेश्वरी आ.वि अधुरो शान्ति भवन निर्माण बापत रु १५४४९२६.० कार्य मापन गरी जनश्रमदानको अंश कट्टा गरी उपभोक्तालाई रकम भुक्तानी गरेको छ।संलग्न दरविश्लेषण बमोजिम प्रति कार्य ईकाईमा १५ प्रतिशत ओभरहेड जोडी प्रति ईकाई दर कायम गरेकोले, उपभोक्तालाई ओभरहेड बापत भुक्तान भएको रु १५७३८४.० असुल गरिनुपर्ने रु | १५७,३८४ |
| ५७ | ३७९ | | **बिल पेश नभएकोः**<br>**३७९/२०७८/३/२४,**<br>कार्यालयले छेडेखोला मौरे कैलासमाण्डौ कृषि सडक निर्माण बापत दिप निर्माण सेवालाई रु १२२९०००.० भुक्तानी गरेको छ।सो योजनाको कार्यसम्पन्न प्रतिवेदन अनुसार प्रोभिजनल सम अन्तर्गत सामग्रीको गुणस्तर परीक्षण बापत रु ३००००.० र बिमा बापत रु ५००००.० गरी रु ८००००.० भुक्तानी भएकोमा, सोको बिजक निर्माण व्यवसायीले पेश नगरेकोले, सो बापतको बिजक पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | ८०,००० |
| ५८ | ३८८ | | **योजनाको अन्तिम बिल भुक्तानीपश्चात्त भेरिएशन थप गरीः**<br>**३८८/२०७८/३/२५,**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८(१) मा सम्झौता गर्दाको बखतमा पूर्वानुमान गर्न नसकिएको परिस्थिती सिर्जना भएमा, ऐनको दफा ५४ बमोजिम पाँच प्रतिशतसम्मको रकम बोलपत्र स्वीकृत गर्ने अधिकारीले भेरिएशन आदेश जारी गर्ने व्यवस्था रहेको छ।कार्यालयले छेडेखोला मौरे कृषि सडकको रु ३१२६४०.४९ अर्थात् सम्झौता रकमको २५.४ प्रतिशत (सम्झौता रकम रु १२२६७३७.३) भेरिएशन ईन्जिनियरले स्वीकृत गरी दिप निर्माण सेवालाई रकम भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था बमोजिम पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा मात्र भेरिएशन आदेश जारी गर्न सकिनेमा, सोको पुष्टिबिना, योजनाको मिती २०७८/३/२४ कार्यसम्पन्न भई योजना फरफारक भईसकेपश्चात्त, ऐनले तोकेको अधिकारी बाहेको व्यक्तिले भेरिएशन जारी गरी रकम भुक्तानी भएकोले, सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउँदै, कानुन विपरीत जारी भई भुक्तानी भएको भेरिएशन रकम असुल गरिनुपर्ने रु | ३१२,६४० |

| | | | | |
|---|---|---|---|---|
| ५९ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेखः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु १२५०००.० खर्च गरेको छ । | |
| ६० | | | **सार्वजनिक परीक्षणः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ६१ | २ | | **संघिय सरकार हस्तान्तरित कार्यक्रम पूँजीगतः**<br>**बढी खर्चः- २/२०७७/८/३०** नगरपालिकाले प्राविधिकको छुट तलव भनि रु.९८७००.० खर्च लेखेकोमा संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम चालु तर्फबाट भौचर नं.२९ मिति २०७७/८/३० को खर्चमा रु.५८४००.० मात्र नपुग हुने देखिन्छ । सोही नपुग रकम मात्र खर्च लेख्नुपर्नेमा रु.४०३००.० बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु. | ४०,३०० |
| ६२ | ८ | | **सोझै खरिदः**<br>**८/०७७/१२/९**<br>फलफूल दशक अन्तरगत स्थानीय तहमा ओखर विरुवा रोपण कार्यक्रम अनुदान (५० प्रतिशत) कार्यक्रममा नगरपालिकाले रु.१६६१८८५.० खर्च गरेको छ । लागत साझेदारी कार्यक्रम अन्तरगत किसानले विरुवा रोपणको लागि खाल्डो खन्ने,मलखाद व्यवस्थापन र रोपण तथा संरक्षण गर्ने विरुवा कार्यालयले उपलव्ध गराएको छ । सार्वजिनक खरिद ऐन,२०६३ तथा नियमावली २०६४ वमोजिम बोलपत्रको माध्यमबाट विरुवा खरिद गर्नुपर्नेमा नगरपालिकाले छायानाथ रारा एग्रो प्रा.लि.बागडोल ललितपुरबाट प्रति गोटा रु.७०० का दरले २१५० गोटा विरुवाको लागि रु.१५०५००० मा सोझै खरिद गरेको छ । वोलपत्रको माध्यमबाट खरिद गर्दा छिमेकी स्थानीय तहले प्रति गोटा रु.४९५ को दरले सोही जातको विरुवा खरिद गरेकोमा नगरपालिकाले प्रति विरुवा रु.२०५.० बढी हुने गरी रु.४४०७५०.० नगरपालिकालाई बढी व्ययभार परेको रु. | ४४०,७५० |
| ६३ | | | **बाख्रा पाकेट कार्यक्रमः**<br>प्रधानमन्त्रि कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन निर्देशिका वमोजिम पकेट कार्यक्रम सञ्चालन गर्न चाहने कृषक/उद्यमी/समूह/सहकारी/समितिले भौगोलिक तथा प्राविधिक सम्भावनाको आधारमा सम्बन्धित स्थानीय तहमा निवेदन दिन सक्ने,प्राप्त निवेदनहरुमा प्राविधिक समितिले अध्ययन गरी पेश गरेको प्रतिवेदनको आधारमा | |

<table>
<tr><td></td><td></td><td></td><td>पकेट क्षेत्र निर्धारण हुने व्यवस्था छ । नगरपालिकाले यो बर्ष बाख्रा पकेट कार्यक्रम अन्तरगत रु. ३२०२३००.० खर्च गरेको छ । सो कार्यक्रम कार्यालयले सूचना निकाली कृषक समूह तथा पकेट क्षेत्र छनौट गरेको देखिएन । प्राविधिक समितिले भौगोलिक तथा प्राविधिक सम्भाव्यताको अध्ययन गरी पकेट क्षेत्र निर्धारण गरेको छैन । बस्तु विशेषको पकेट क्षेत्र सञ्चालन गर्न इच्छुक समुदाय/वर्गले सम्बन्धित स्थानीय तहमा विवरण पेश गर्ने, निर्देशिकाले उल्लेख गरेको आधारमा वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरी सञ्चालन गर्न सकिने हुन्छ । नगरपालिकाले सो वमोजिम प्राविधिक समिति तयार गरी वस्तु विशेषको पकेट क्षेत्र निर्धारण गरेको पाईएन । बाख्रा पकेट अन्तरगत ९ वटा वोका रु. ४५०००.० का दरले र २७० वटा वाख्रा रु.९०००.० का दरले खरिद गरी नगरपालिका अन्तरगत सवै वडाहरुमा वितरण गरेको छ । बाख्रा तथा बोका खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ बमोजिम प्रतिस्पर्धाको माध्ययबाट गर्नुपर्नेमा सोझै एकमुष्ट खरिद गरेको छ । विभिन्न फर्मसँग दररेट प्राप्त गरी न्यूनतम दररेटमा खरिद गर्नुपर्ने तथा कार्यक्रम निर्देशिका वमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>बिल नभएकोः<br>प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को ३७(३) मा बजेट खर्च गर्दा खर्चका विल भर्पाई संलग्न गरी खर्च लेख्नु पर्ने व्यवस्था छ । नगरपालिकाले देहायवमोजिमको खर्चमा प्रोभिजनल सम आईटममा विल समावेश नगरी खर्च लेखेको रु.१२००००.० को विल समावेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो.भौ.नं./मिति</td><td>कार्य</td><td>रकम</td></tr>
<tr><td>80/078/3/28</td><td>किस्नि स्वास्थ्य सेवा केन्द्र</td><td>25000</td></tr>
<tr><td>57/078/3/24</td><td>ढडाली आधारभूत स्वास्थ्य केन्द्र</td><td>35000</td></tr>
<tr><td>79/078/3/25</td><td>आधारभूत स्वास्थ्य केन्द्र</td><td>35000</td></tr>
<tr><td>83/078/3/28</td><td>आधारभूत स्वास्थ्य केन्द्र</td><td>35000</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>130000</td></tr>
</table></td><td>१२०,०००</td></tr>
<tr><td>६५</td><td>७, ८</td><td></td><td>प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पूँजीगत<br>प्रदेश सञ्चित कोष फिर्ता गर्नुपर्नेः- ७/०७८/३/२२,८/०७८/३/२३ मन्टेश्वरी माविको खेलकुल मैदान र प्याराफिट निर्माणको लागि नगरपालिकाले रु. २००१२९२.० को लागत अनुमान तयार गरी डि.सी.एस.कन्स्ट्रक्सनसँग रु. ७९८६८०.० मा निर्माण कार्य सक्ने गरी मिति २०७७/१०/१० मा सम्झौता गरी निर्माण कार्य सम्पन्न गराएको छ । प्रदेश सरकारबाट हस्तान्तरित यस कार्यक्रमको रकम तोकिएको योजनामा खर्च नै बाँकी रकम प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्नेमा नगरपालिकाले पुनः पानस कन्स्ट्रक्सनसँग रु.४६९९१०र हान्डिङ्ग ईन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि.सँग रु.४६४४७५ को सोही विद्यालयमा सोही कार्य गरेको भनि भुक्तानी</td><td>९३४,३८५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको छ ।समग्र कार्यको लागत अनुमान वनाई प्रतिस्पर्धाबाट कार्य गराएकोमा पुनः रकम बचत भएको आधारमा सोही कार्य गराउने कार्य नियम सम्मत नदेखिएकोले रु.९३४३८५.० प्रदेश सञ्चित कोष फिर्ता गर्नुपर्ने रु. | |
| ६६ | | | **प्रदेश संचित कोष फिर्ता गर्नुपर्ने**<br>**९/०७८/३/२९**<br>त्यसै गरी खर्च नभै बाँकी रकम रु. २८०९८१.० प्रदेश सरकारले विनियोजन गरेको कार्यक्रम भन्दा फरक कार्यक्रममा खर्च गरेको छ । सोही मन्टेश्वरी माविको बजेटबाट वचत रकम कार्यालयले गिरिवाडा खानेपानी निर्माणको वाल निर्माण गरेको भनि खर्च गरेको छ । आवश्यकताको पहिचान नभएको, स्वीकृत बजेट र कार्यक्रममा नपरेको केवल रकम बचत भएको आधारमा खर्च गरेको रकम प्रदेश सञ्चित कोष फिर्ता गर्नुपर्ने रु. | २८०,९८१ |
| ६७ | | | **एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम**<br>**सोझै कार्य गरेकोः** १/०७८/३/२५ सार्वजनिक खरिद नियमावली,२०६४ को रु.२० लाख सम्मको परामर्श सेवा सूचिकृत भएका फर्मबाट गर्न सकिने उल्लेख छ । नगरपालिकाले १५ वेडको अस्पताल निर्माण कार्यको डि.पि.आर. गरी इगल सोलुसन प्रा.लि.सँग गराई रु. १९५३२०५.० भुक्तानी गरेको छ । सोही नियमावली वमोजिम कार्यालयले सूचिकृत गरेको फर्मसँग कार्य गराउनुपर्नेमा सो गरेको नदेखिएकोले खरिद नियमावली विपरित सोझै कार्य गरेको नियमसम्मत नदेखिएको रु. | १,९५३,२०५ |
| ६८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम-**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं १ देखि ७ वडाका ४१६ जनालाई रोजगारी उपलव्ध गराई रु. २६४६५१०८.० खर्च गरेको छ ।लक्षित वर्गलाई ४६ देखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन। | |

| वडा नं | कार्यक्रम/योजना संख्या | श्रमिक संख्या | कुल खर्च भएको रकम |
|---|---|---|---|
| १ | ४ | ५४ | २७२८७२६.० |
| २ | २ | ३३ | १७०६१००.० |
| ३ | १ | १७ | ८७८९००.० |
| ४ | २ | ८६ | २२२३१००.० |
| ५ | १ | ३१ | १५७०६४६.० |
| ६ | ४ | ८५ | २४६१९५४.० |
| ७ | ६ | ११० | ४८४५३२४.० |
| जम्मा | | | २६४६५१०८.० |

| | | | | |
|---|---|---|---|---|
| ६९ | ५२ | | **नगरपालिका चालु**<br>**५२/०७७/८/१५** आयकर ऐन, २०५८ को दफा ८९ मा सेवा परामर्शको भुक्तानीमा अग्रिम कर १५ प्रतिशत कट्टा गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले २०७७/७८ को स्वीकृत बजेट तथा कार्यक्रमलाई सुत्र सफ्टवेयरमा पोष्टिङ गर्ने प्रयोजनकोलागि मालिका कम्प्युटर ईन्टिच्युट,बाजुरासँग सम्झौता गरी रु.६००००.० भुक्तानीमा ९०००.० कट्टा गर्नुपर्ने ९००.० मात्र कर कट्टा गरी रु. ८१००.० बाँकी रहेको देखिएको तथा सरकारी कारोवारको प्रविष्टिमा अनुपति प्राप्त गरेको व्यक्ति तथा संस्थाबाट कार्य गराउनु पर्नेमा सो नगरी सोझै सम्झौता गरेकोले यस्तो कार्यमा नियन्त्रण गर्नुपर्ने रु. | ८,१०० |
| ७० | | | **तालिम**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को परिच्छेद नं ७.१.१५ सि.नं.३ अनुसार सवै प्रकारका सीप विकास तालिम गोष्ठी सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालीत सवै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिक्षमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत नगरपालिकास्तरमा रु.७००। र कार्यपत्र वापत रु.८००। पाउने तथा सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएमा कक्षा लिए वापत पारिश्रमिक नपाउने कार्यपत्रको मात्र पारिश्रमिक पाउने उल्लेख छ । यस पालिकाबाट सञ्चालन भएका निम्नानुसार कार्यक्रममा दोहोरो खर्च भुक्तानी भएकोले निर्देशिका विपरित खर्च गरेको सम्बन्धित कार्यक्रम सञ्चालकलाई जिम्मेवार बनाई रु. ३९०३२.० असुल हुनुपर्ने रु. | ३९,०३२ |

| गो.भौ.नं.र मिति | कार्यक्रम | प्रशिक्षक | सेसन | हुनुपर्ने | भएको | बढी रकम |
|---|---|---|---|---|---|---|
| 158/077/12/25 | सुनौलो हजार दिनका आमाहरुको कार्यक्रम | मान बहादुर रावल | 20 | 800 | 1600 | 13600 |
| | | अनिता साउँद | 4 | 800 | 1760 | 3264 |
| | | रिमा साउँद | 3 | 800 | 1760 | 2448 |
| 415/078/3/23 | जनप्रतिनिधिहरुलाई सुचना प्रविधि तालिम | नरेशराज पन्त | 8 | 800 | 1900 | 7480 |
| 458/078/3/28 | कर्मचारीहरुलाई सुचना प्रविधि तालिम | नरेशराज पन्त | 8 | 800 | 1900 | 7480 |
| 461/078/3/28 | आवद्यिक योजना सम्बन्धि तालिम | अर्जुन ब रोकाया | 8 | 800 | 1500 | 4760 |
| जम्मा | | | | | | ३९०३२.० |

| | | | | |
|---|---|---|---|---|
| ७१ | ४२३ | | **उपभोक्ता समितिमार्फत रेडियो एफ् एम् स्थापना तथा उपकरण खरिदः**<br>**४२३/०७८/३/२४** कार्यालयले बडिमालिका एफ.एम स्थापना गर्न भवन निर्माण तथा उपकरण खरिद उपभोक्ता मार्फत गरेको छ । कार्यालयले भवन निर्माण बापत रु.400000.0 तथा उपकरण खरिद बापत रु.1488913.0 को कार्यसम्पन्न प्रमाणित गरी जनश्रमदानको अंश, कन्टिन्जेन्सी कट्टा गरी रकम भुक्तानी गरेको छ । उपभोक्तालाई जनसहभागिता रहने श्रममूलक निर्माण कार्यमा मात्र लगाउनुपर्नेमा, कार्यालयले एफ्.एम् स्थापना, उपकरण जडान जस्तो जटिल प्राविधिक पक्ष संलग्न रहने एवम् खरिद मात्र गर्नुपर्ने क्रियाकलाप उपभोक्ता मार्फत संचालन गर्नु मनासिब देखिएन । कार्यालयले सो रेडियो सञ्चालनको लागी रु.2129140.0 लागत अनुमानमा १९ प्रतिशत अर्थात रु.404902.21 हुने गरी सम्झौता भएकोमा 2289591.78 मा कार्य सम्पन्न भई रु.1888913.0 भुक्तानी भएकोमा सम्झौता अनुसार श्रमदान रु.435022.0 कट्टा गरी रु.1854569। भुक्तानी गर्नुपर्नेमा रु. ३४३४४.० बढी भुक्तानी भएको देखिएकोले उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु. | ३४,३४४ |
| ७२ | | | **गत वर्षको दायित्वः**<br>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार गत विगत वर्षहरुमा कट्टी गरेको २०७६।७७ को मूल्य अभिबृद्धि कर,सामाजिक सुरक्षा कर, पारिश्रमिक कर, ढुवानी तथा अग्रिम कर कट्टी रु.3022215.24 चालु खाताबाट यस वर्षको वार्षिक विनियोजन बजेटबाट खर्च गरेको छ । जुन आर्थिक वर्षमा कट्टी भएको रकम हो सोही आर्थिक वर्षमा खर्च गर्नु पर्नेमा चालु आर्थिक वर्ष विनियोजन खर्चबाट दायित्वहरु कट्टा गरेकोले विनियोजित बजेट भन्दा बढी खर्च गर्ने कार्य तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ७३ | | | **बैठक भत्ताः** | ७८,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | ४६५/०७८/३/२९ सुदुरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) को दफा ३ अनुसार तोकिए बमोजिम मासिक सुविधा र महिनामा बढीमा २ वटा बैठक भत्ता उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोके भन्दा बढी दिनको सभा सञ्चालनको बैठक भत्ता वापत रु.७८००० बढि भुक्तानी भएकोले ऐनमा तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको रकम असूल गरी स्थानीय संचितकोष दाखिला गर्नुपर्ने देखिएको रु. | |

| विवरण | **मासिक तोकेको संख्या** | **लगेको संख्या** | **दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|
| न पा प्रमुख | 2 | 4 | 1000 | 2000 |
| न पा उपप्रमुख | 2 | 4 | 1000 | 2000 |
| वडा अध्यक्ष ९ | 2 | 4 | 1000 | 18000 |
| का.पा सदस्य 8 | 2 | 4 | 1000 | 16000 |
| न.पा. सदस्य 20 | 2 | 4 | 1000 | 40000 |
| **जम्मा** | | | | **78000** |

| | | | | |
|---|---|---|---|---|
| ७४ | | | **भुक्तानीमा कर**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.५०७५०.० अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु. | ५०,७५० |

| गोभौनं./मिति | विवरण | भुक्तानी रकम | लाग्ने कर | कट्टा भएको | कर रकम |
|---|---|---|---|---|---|
| 128/077/12/10 | मेयर कप भलिवल प्रतियोगिता स्वयम सेवक र एम्पायर | 155000 | 23250 | 3250 | 20000 |
| 199/078/1/10 | डवल कटुवाल स्मृति प्रतिष्ठान प्रशिक्षक | 80000 | 12000 | 0 | 12000 |
| 323/078/3/7 | रेडियो पौरखि बाजुरा बार्षिक सेवा शुल्क | 50000 | 7500 | 0 | 7500 |
| 436/078/3/25 | सि.वि.मिडिया प्रा.लि. | 30000 | 4500 | 0 | 4500 |
| 447/078/3/24 | रेडियो बाजुरा सुचना प्रशारण | 50000 | 7500 | 750 | 6750 |
| **जम्मा** | | | | | **50750** |

| | | | | |
|---|---|---|---|---|
| ७५ | | | **युवा सशक्तिकरणः**<br>**४४४/०७८/३/२९**<br>नगरपालिकाको बार्षिक कार्यक्रम अनुसार नगरपालिका भित्रका युवा हरुलाई सशक्तिकरणको लागि युवा सशक्तिकरण अभियान कार्यको लागि युवा सजगता अभियान बाजुरासँग सम्झौता गरी रु. ९००००.० भुक्तानी गरेको देखियो । उक्त संस्थाले कार्यक्रम सञ्चालन गरेको फाटवारी तथा कागजात परीक्षण गर्दा जिल्ला स्तरिय कार्यक्रम गरी जिल्ला भरीका युवाहरुको भेला गरी जिल्ला सदरमुकाम मार्तडिमा कार्यक्रम सञ्चालन गरेको देखियो । नगरपालिकाले आफ्नो क्षेत्रका युवालाई भनेर कार्यक्रम बजेट छुट्टाएकोमा नगरपालिका बाहिरका युवाहरुलाई भत्ता, खाजा तथा विविध खर्च शिर्षकमा खर्च गरेको छ । नगरपालिकाका भित्रका १८ जना मात्र समावेश गरी ८५ जना बाहिरको युवालाई समेत रु.२००० का दरले रु. २०६००० भत्ता वितरण गरेको, रेडियोबाट सूचना प्रशारण गरेको ३००००० भुक्तानी गरेको तथा अन्य विविध गरी रु. ९०००००खर्चमा गरेको देखियो । नगरपालिकाले कार्यक्रमको प्रभावकारीतालाई विचार नगरी नगरपालिका भित्रका युवाहरुको लागि कार्यक्रम सञ्चालन गर्नुपर्नेमा नगरेको नियम सम्मत देखिएन । | |
| ७६ | | | **करकट्टीः**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख छ । नगरपालिका भित्रका युवा हरुलाई सशक्तिकरणको लागि युवा सशक्तिकरण अभियान कार्यको लागि युवा सजगता अभियान बाजुरासँग सम्झौता गरी रु.९००००० भुक्तानीमा नियमानुसार रु.१३५०००.० कट्टा गर्नुपर्नेमा नगरेकोले कट्टा गरी दाखिला गर्नुपर्ने रु. | १३५,००० |

| | | | | |
|---|---|---|---|---|
| ७७ | | | **भ्रमण खर्चः**<br>सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्धेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्धेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ७८ | | | **सामाजिक सुरक्षातर्फ**<br>**सामाजिक सुरक्षातर्फ बढी निकासा** –<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ ।तर नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो खर्च लेखेको, नागरिकता नम्बर नखुलेको,मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन। नगरिपालिकाले यस सम्बन्धमा तहाँबाटै छानबीन गरी दोहोरो परेको रकम असुल गरी लगत अद्यावधिक गर्नुपर्दछ । परिक्षण गरिएका केही भौचरका आधारमा कतिपयको नाम र जन्म मिती वा नागरिक्ता नम्बर एकै भएको व्यक्ति पहिचान गरी प्रमाण पेश गर्नुपर्ने वा दोहोरो भुक्तानी भएको खण्डमा असुल गर्नुपर्ने रु | ६०,८०० |

| नाम थर | जन्म मिति | वडा नं. | ना.प्र.नं. | भत्ताको किसिम | प्रथम चौमासिक दर |
|---|---|---|---|---|---|
| औला थापा | २०११/१२/३० | ८ | ३४२८ | जेष्ठ नागरिक एकल महिला | ८०००.० |
| औला थापा | २०११/३/१५ | ८ | ३४२८ | जेष्ठ नागरिक एकल महिला | ८०००.० |
| केसु सार्की | २०१२/२/१५ | ८ | ७०३०२५/१४९६ | जेष्ठ नागरिक दलित | ८०००.० |
| केसे सार्की | २०१६/२/१५ | ८ | ७०३०२५/१४९६ | जेष्ठ नागरिक दलित | ८०००.० |
| तुले सार्की | २०१५/२/७ | ८ | ३३९९ | जेष्ठ नागरिक दलित | ८०००.० |
| तुले सार्की | २०१५/१२/३० | ८ | ३३९९ | जेष्ठ नागरिक दलित | ८०००.० |
| आदित्य थापा | २०७५/९/२ | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |
| आदित्य थापा | २०७५/९/२ | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |
| प्रिन्स साउद | २०७५/२/२९ | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |
| प्रिन्स साउद | २०७५/२/२९ | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |
| देउमा बुढा | २००८/१२/३० | ६ | ८३९ | जेष्ठ नागरिक एकल महिला | ८०००.० |
| देउमा बुढा | २००८/१/२ | ६ | ८३९ | जेष्ठ नागरिक एकल महिला | ८०००.० |
| अम्बी बुढा | २०००/९/९ | ६ | २४६८ | जेष्ठ नागरिक | १२०००.० |
| अम्बी बुढा | २०००/९/९ | ६ | नभएको | जेष्ठ नागरिक | १२०००.० |
| कर्ण बुढा | १९९८/१/९ | ६ | नभएको | जेष्ठ नागरिक | १२०००.० |
| कर्ण बुढा | १९९८/१२/३० | ६ | २३८१ | जेष्ठ नागरिक | १२०००.० |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुसा बुढा | २०७३/२/१० | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |
| अनुसा बुढा | २०७३/२/१० | ८ | | क्षेत्र तोकिएका बालबालिका | १६००.० |

७९ **विवरण अद्यावधिकः**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ अनुसार बैंक मार्फत वितरण भएको भत्तामा मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा बालिक भई उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकोमा लागातार एक वर्षसम्म खाता निष्क्रिय भएमा, सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा नगरपालिकाले बैंक मार्फत वितरण भएको खाताको विवरणमा आर्थिक बर्षको अन्त सम्ममा निष्कृय रहेको खाताको विवरण अद्यावधिक गरेको देखिएन । नगरपालिकाले यस बर्ष सामाजकि सुरक्षाबापत कुल रु. ५९०२५११५.० वितरण गरेको र पहिलो किस्ता हातहातै नगद विवरण गरेर दोस्रो र तेस्रो किस्ता नेपाल बैक लिमिटेड शाखा कार्यालय त्रिवेणिबाट खाता खोलि वितरण गरेकोमा बैकले दिएको विवरण अनुसार हाल सम्म खाता विवरण अद्यावधिक नगरी बैकमा देखिएको देहायको रकम नगरपालिकाबाट यथासिघ्र अनुगमन गरी खाता अद्यावधिक गर्ने र रकम वितरण भएको प्रमाण पेश गर्नुपर्दछ।

| विवरण अद्यावधिक नभएका खाताको संख्या | रकम |
|---|---|
| 1535 वटा | 11062302.94 |

८० **प्रकोप व्यवस्थापन**

**समिति गठन-**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन भएतापनि ५ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

८१ **प्रकोप व्यवस्थापन कोष-**

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु १८१६६०५८.० आम्दानी भई रु १८०६०६९९.० खर्च गरी बाँकी रु १०५३८९.० देखिन्छ ।

| | | | | |
|---|---|---|---|---|
| ८२ | | | **पि.सि.आर प्रयोगशालाः**<br>जिल्ला प्रशासन कार्यालय,बाजुराको च.नं.३३८८ मिति २०७८/२/९ को पत्र बमोजिम मिति २०७८/२/६ को समन्वय बैठकबाट जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालन गर्न जिल्ला स्तरमा एउटा कोषको स्थापना गर्ने र उक्त कोषमा सवै स्थानीय तहले रु.१० लाख मध्ये कम्तिमा ६० प्रतिशत ६ लाख रकम जेष्ठ १५ गते भित्र र बाँकी ४० प्रतिशत ४ लाख रकम २०७८ भाद्र मसान्त भित्र जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने निर्णयको आधारमा यस पालिकाले रु.६ लाख मिति २०७८/२/१७ गते जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा हुने गरी रकम पठाएको छ । जिल्ला प्रशासन कार्यालयको निर्णय बमोजिम जिल्लामा लेखापरीक्षण अवधि २०७८ आश्विन १५ गते सम्म पि.सि.आर. प्रयोगशाला सञ्चालनमा आएको छैन । नगरपालिकाबाट पठाएको रकम जिल्ला प्रशासन कार्यालय अन्तरगत विविध खातामा रहि रहेको छ । जिल्लामा पि.सि.आर. प्रयोगशाला सञ्चालनमा नआएको खण्डमा उक्त रकम फिर्ता गर्नुपर्ने रु. | ६००,००० |
| ८३ | | | **वार्षिक प्रतिवेदनः**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८४ | | | **कोभिड १९**<br>नगरपालिकाले प्रकोप व्यवस्थापन अन्तरगत कोभिड १९ मा यो बर्ष रु १८०६०६६९.० खर्च गरेको छ । सो खर्च मध्ये रु.१७३३३३३१.० आर्थिक बर्ष २०७६/७७ को क्वारेन्टाइन व्यवस्थापन तथा क्वारेन्टाइनको खाना खाजा खर्च रहेको छ । कार्यपालिकाको मिति २०७८ जेष्ठ ७ गतेको निर्णयबाट गत बर्षको १ देखि ९ वडाको क्वारेन्टाइन खर्च रु.६१३७७१२.० र स्वास्थ्य कर्मी,सुरक्षा कर्मी,स्वयमसेवक खर्च रु. १९४३५०.० क्तानी दिन बाँकी भनि उल्लेख गरेको छ । अन्य खर्चको हकमा भुक्तानी दिन बाँकी विवरण प्रमाणित गरी राखेको छैन । गत आ.वमा के कति कारणबाट भुक्तानी दिन बाँकी रहेको हो, सो को कारण सहित प्रमाणित विवरणको आधारमा भुक्तानी गर्नुपर्नेमा रु.६३३२०६२.० प्रमाणित विवरण विना यो बर्ष भुक्तानी भएको छ । सवै वडाहरुले ठूलो मात्रामा क्वारेन्टाइन व्यवस्थापन खर्च गरेका छन । नगरपालिकाले क्वारेन्टाइन व्यवस्थापनमा मितव्ययीरुपमा खाद्यान्न तथा व्यवस्थापनको सामानमा सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ वमोजिम प्रतिस्पर्धाको माध्ययमबाट खरिद कार्य गर्नुपर्नेमा वडाहरुले पेश गरेको खर्चका विल भर्पाईको आधारमा भुक्तानी गरेको छ । वास्तविक खर्च र खर्चमा दोहोरोपन नभएको सुनिश्चितता गरी भुक्तानी गर्नुपर्नेमा नगरपालिकाले सो सम्बन्धमा यथार्थ खर्चको मूल्याङ्कन वेगर भुक्तानी गरेको छ । प्रत्येक वडाको क्वारेन्टाइन व्यवस्थापन खर्च वडा अध्यक्ष मार्फत र सोही वडाको स्वास्थ्य कर्मी,सुरक्षा कर्मी,स्वयमसेवकको खर्च सम्बन्धित स्वास्थ्य कर्मि मार्फत खर्च गरेको छ ।स्वास्थ्य कर्मी,सुरक्षा कर्मी,स्वयमसेवक लाई कामको प्रकृति वमोजिम स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पत्र बमोजिम जोखिम भत्ता उपलव्ध गराउनु पर्नेमा खाना तथा यातायात खर्च स्वरुप रकम उपलव्ध गराएको छ । | |
| ८५ | | | **हिसाब मिलान गर्नुपर्ने**<br>बैक बाँकी विवरण र श्रेस्ता वमोजिम फरक देखिएको रु. २९०५७६.० हिसाव मिलान गर्नुपर्ने रु. | २९०,५७६ |

| | | | | |
|---|---|---|---|---|
| ८६ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजु**<br>**२/२०७७/७/४,**<br>सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम अन्तर्गत त्रिवेणी नगरपालिकाको प्रथम किस्ता रकम रु ६५९७१०७.० भुक्तानी लिएकोमा, रु ६४२२९९१.० मात्र लाभग्राहीको खातामा भुक्तानी गरेको विवरण पेश भएकोले, रु १७४११६.० वितरण भएको भरपाई पेश हुनपर्ने अन्यथा असुल हुनुपर्ने रु | ६,४२२,९९१ |
| ८७ | | | **पेश्की बाँकीः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(४) मा फछर्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्दछ।कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु | २२५,४०० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |
| 1 | कैलाशमाण्डौ स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | २४४००.० |
| 2 | किम्नी शहरी स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | ९६००.० |
| 3 | छतरा स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | १००००.० |
| 4 | ढडाली स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | ८६००.० |
| 5 | तोली स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | ४८००.० |
| 6 | पन्धरा स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | १६२००.० |
| 7 | पैमा स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | १५२००.० |
| 8 | पुर्भुता स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | ११४००.० |
| 9 | बाँथावाटा स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | १५४००.० |
| 10 | सिम्ला स्वास्थ्य चौकी | | मातृ तथा नव शिशु कार्यक्रम | ८००.० |
| 11 | रमेश बहादुर साउद | | अमिन व्यवस्थापन | १००००.० |
| 12 | विविध | | पोषण कार्यक्रम | ९९०००.० |
| जम्मा | | | | २२५४००.० |
| | **म्याद ननाघेको पेश्की** | | | |
| 13 | एम्.के.बिल्डर्स एण्ड कन्स्ट्रक्सन कम्पनी | कैलाली | मोबिलाईजेसन | १०७८३५३०.० |

 https://nams.oag.gov.np

| | | | | |
|---|---|---|---|---|
| 14 | वि.आर.एस्. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | कैलाली | मोबिलाईजेसन | ३१५७८०.० |
| 15 | राजधानी कन्स्ट्रक्सन | मल्लादेही | मोबिलाईजेसन | ४४८००.० |
| **जम्मा** | | | | ११५४७३१०.० |

८८ सम्परीक्षण

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | ०७६।७७ | ८९ | पेश्की बाँकी आमा सुरक्षा | | | | ३४४२०० | ३४४२०० |
| | | | जम्मा | | | | | ३४४२००.० |

८९ अनुगमन तथा सम्परीक्षण

**अनुगमन तथा सम्परीक्षण–** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १७९२३००००.० | ३४४२००.० | १७८८८५८००.० |

९० अद्यावधिक बेरुजु

यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १७९२३००००.० | ३४४२००.० | ३५५२८२५२.० | ०० | २१४४१४०५२.० |